नेपाल राष्ट्र बैंक
बैंकिङ कार्यालय
सरकारी लेखा फांट

बालुवाटार, काठमाडौं
फोन नं. : ०१४४४१०५५
एक्सचेन्ज नम्बर : ०१४४१९८०४
/८०५/८०७/४४१०१५८/४४११२५०
(EXT : ३२४, ३३४)
E-mail : centacc@nrb.org.np
Web Site : www.nrb.org..np
पोष्ट बक्स : १०५५

स.का./परिपत्र/९/२०७६/७७

मितिः२०७७/०३/२३

सरकारी कारोबार गर्ने इजाजत प्राप्त "क" वर्गका वाणिज्य बैंकहरु ।

**विषय : राजश्व जम्मा तथा फारम नं. १ को व्यवस्थाको कार्यान्वयन सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा त्यस बैंकमा रहेको क-१.१ राजश्व, अनुदान तथा विविध प्राप्ति खातामा राजश्व व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि नभई कुनै रकम जम्मा रहेको भएमा यही २०७७ असार मसान्तभित्रमा देहायको प्रकृया बमोजिम राजश्व व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरिदिनुहुन अनुरोध गर्दछु ।

क) क-१.१ राजश्व, अनुदान तथा विविध प्राप्ति खातामा राजश्व व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि नभई जम्मा रहेको रकम यकिन गर्ने ।

ख) रकम यकिन भएपश्चात उक्त खातामा जम्मा भएको रकम बराबर जतिपटक जम्मा भएको देखिन्छ सोही बमोजिम छुट्टाछुट्टै भौचर भरी राजश्व व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्ने ।

ग) यसरी राजश्व व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गर्दा रकम जम्माकर्ताले रकम जम्मा गर्न चाहेको कार्यालय खुल्न सक्ने अवस्थामा सम्बन्धित कार्यालय कोडमा, अन्यथा जुन बैंक शाखा मार्फत त्यस्तो रकम जम्मा हुन आएको हो उक्त जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्यालय कोडमा अन्य राजश्व शिर्षक अन्तर्गत जम्मा गरिदिने ।

घ) नेपाल सरकारको बजेट खर्च खाता सञ्चालन गर्ने बैंकहरूको हकमा देहाय बमोजिमका कार्यालयहरूको कार्यालय कोडमा अन्य राजश्व शिर्षक अन्तर्गत जम्मा गरिदिने ।

| सि.नं. | बैंकको नाम | जम्मा गर्ने कार्यालय |
|---|---|---|
| १ | नेपाल बैंक लि. | को.ले.नि.का., ललितपुर |
| २ | राष्ट्रीय वाणिज्य बैंक | को.ले.नि.का., टेकु |
| ३ | कृषि विकास बैंक लि. | को.ले.नि.का., विराटनगर |
| ४ | एभरेष्ट बैंक लि. | को.ले.नि.का., सिंहदरवार |

नेपाल राष्ट्र बैंक
बैंकिङ कार्यालय
सरकारी लेखा फाँट

बालुवाटार, काठमाडौं
फोन नं. : ०१४४४१०५५
एक्सचेन्ज नम्बर : ०१४४१९८०४
/८०५/८०७/४४१०१५८/४४११२५०
(EXT : ३२४, ३३४)
E-mail : centacc@nrb.org.np
Web Site : www.nrb.org..np
पोष्ट बक्स : १०५५

साथै, चालू आ.व. २०७६/७७ को असार मसान्तपश्चात हुने बजेट खर्च खाताहरूको कारोवार सम्बन्धमा सरकारी कारोवार निर्देशिका, २०७६ (पहिलो संसोधन) को बुँदा नं. ४.१.३, ५.१६.६ र ५.१६.७ मा भएको व्यवस्थाको कार्यान्वयनका लागि देहाय बमोजिम गर्नु / गराउनुहुन अनुरोध गर्दछु ।

क) श्रावण ३ पश्चात कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तहबाट काटिएको र त्यस बैंकसमक्ष पेश हुन आउने चेकको भुक्तानी गर्दा संङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूका लागि क्रमशः अनुसूचि नं. २१, ३६ र ४२ बमोजिमको फारम नं. १ मा उल्लेख भए बमोजिमको चेकलाई मात्र भुक्तानी प्रदान गर्ने ।

ख) श्रावण ३ गते भित्रमा सम्बन्धित कार्यालयहरूबाट फारम नं. १ प्राप्त गर्न उक्त कार्यालयहरूको खाता सञ्चालन गर्ने बैंक शाखाहरूले श्रावण १ गतेका दिन असार मसान्तसम्ममा साटिएको चेकको विवरण अनिवार्यरूपमा उपलव्ध गराउने ।

ग) कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तहबाट प्राप्त सम्बन्धित फारम नं १ मा उल्लेखित चेक नं. लाई मात्र भुक्तानी प्रदान गर्न सकिने गरी त्यस बैंकको Core Banking System मा आवश्यक व्यवस्था मिलाउने ।

पुनश्चः यसै आ.व. बाट बजेट खर्च खाताहरूका हकमा जोर / बिजोर प्रणाली लागू गरिएको तथा आ.व. २०७७/७८ को लागि तीनै तहका सरकारहरूको बजेट खर्च खाताहरू जोर खाताबाट कारोवार गर्नुपर्ने भएको हुँदा हालसम्म सम्बन्धित कार्यालयहरूका लागि जोर खाताको व्यवस्था नगरिएको भए सोको लागि आवश्यक पत्राचार गर्नुहुन तथा आ.व. २०७७/७८ सँग सम्बन्धित कारोवार अनिवार्यरूपमा सोही खाताबाट गर्ने व्यवस्था मिलाउनुहुन समेत अनुरोध गर्दछु ।

भवदीय,

(राम प्रसाद गौतम)
का.मु. कार्यकारी निर्देशक

बोधार्थः

१. महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ (*सम्बन्धित सरकारी निकायहरूलाई जानकारी दिनुहुन*)
२. नेपाल बैंकर्स संघ, थापाथली, काठमाण्डौं ।